# १६. श्री कञ्चन पुडासैनी

*[संवत् २०४२ साल कार्तिक २ गते रोज ६ का दिन आयोजित समारोहमा 'प्रत्यागमन' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०४१ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री कञ्चन पुडासैनीले ग्रहण गरेपछि व्यक्त गर्नुभएको पद्यात्मक उद्गार। यो उद्गार नेपाली त्रैमासिक अङ्क १०५ बाट उद्धृत गरिएको हो।]*

सम्माननीया रानीसहेब, उपस्थित विद्वद्वृन्द !

१

चारैतिर यहाँ देख्छु शान्ति, संयम, साधुता,
उपस्थित सबै विज्ञ मेरा आदरणीय छन्।
देख्छु कौतुकसम्पन्न सौजन्य अनुहारमा,
सुगन्धी शिष्टता व्याप्त वातावरणमा पनि।
ममा हुन्छ स्वयं सृष्ट ससङ्कोच विनम्रता,
यस्तो सङ्कोच मान्थेँ म किशोरवयमा अघि।

२

अनन्त चिन्तन-श्रेणी, सोच्ता धेरै बिते दिन,
अधूरो सुखको बोध, अधूरो वेदना अरू।
विनास्तुति, विनाआज्ञा लेखेको कविता थिएँ,
यो पुरस्कारले मेरो साधना भो समर्थित।
पुरस्कृत भई आज तिनदेखि कृतज्ञ छु,
सम्पत्ति जसले पारे कीर्तिमा परिवर्तित।
रहेछ अरू सम्मान्य काव्यको साधना पनि,
रहेछ अरू मान्छेमा दिनाको चाहना पनि।
बढ्नेछन् अरू अन्याय, उपेक्षा र दरिद्रता,
कवि-कर्तव्यको चिन्ता पनि बढ्नेछ काव्यमा:

३

"श्रद्धा-योग्य कुरा के छ ? के छ कर्तव्यको स्थिति ?
मान्छेलाई त सन्चै छ ? मान्छेका लागि के भयो ?"
कसैले प्रश्न यो गर्दा नपाई फुट्ट उत्तर
रोपाइँ सकिँदासाथ म टोलाएँ असारमा ।
मान्छेका घरको बाटो भिज्दै साउनमा हिँडें,
म टोलाएँ विना छाता भदौरे घाममा पनि ।

४

सम्झें टोलाउँदा डाँडा-उताको जल-निर्झर,
जसको छेउमा सानो खोरिया छ किसानको ।
त्यो मित्र पनि भो याद, गन्ध पाई तमाखुको
जसको छेउमा बूढो छिमेकी बस्न आउँछ ।
गाउँका प्रेम-सन्ध्याको बयानै गर्नु हो भने
सभामा वन-बेलीझैं वक्ता मगमगाउँछ ।

५

यौटा हाँगो असारेको लाछ्री बोकेर काँधमा,
जसमा फूल देखिन्थे बालामा धान झैं घना ।
प्रेयसीको ढुकें बाटो, नजीकै आउँदा उनी
बजाएँ त्यस हाँगाले, सारा फूलहरू झरे ।
पाउ सुन्दर देखेर पाउ-पूजा गरेसरि
प्रियाका पाउका चारैतिर फूलहरू भए ।

६

सोचेको हुँ उसै ताका-बूढो भै फुर्सदी हुँदा
म नाति-नातिनालाई देशभक्ति पढाउँला ।
"ल हेर, हातझैं लामो हाम्रो देश यहाँ छ यो,
यी रेखा हेर, यी हाम्रा भाग्य-रेखा भने भयो ।
यसमा धन-ऐश्वर्य, सुख-सौन्दर्य जे-जति,
सबमा हक हाम्रो छ, गर्दै जानु छ उन्नति ।

७

"बढ्छ मानिसको शक्ति घरनेर पुगे पनि,
आ-आफ्नो घरको भित्तो दुर्ग हुन्छ लुके पनि ।
देशमा उत्रँदासाथ छुट्छ संसारको डर,
देश हो एउटा ठूलो विनाझ्याल खुला घर ।

कसैको देश धर्तीमा यदि शान्त समेत होस्,
नउठोस् किन उल्लास ! किन उ रोबिलो नहोस् !"

८

एक रात बढ्यो गर्व, यो गर्जन मबाट भो
"म नेपाली हुँ हे तारा ! तँ को होस् ? कुन राजको ?"
आँखा झिमझिमाएझैं देखियो त्यो प्रभामय,
लज्जान्वित भयो क्यारे देशभक्त थिएन र ।
भन्यो तर कसैले यो- "कलेटी छन् गुराँसमा,
छैन निर्माण-योद्धाका गालामा पनि लालिमा ।"

९

देख्छु टोलाउँदै जाँदा यादका काँधमा चढी,
मनको कोष खोल्थें म उस ताका बढी बढी ।
"भाग्य बढ्दै छ बिस्तार, हाम्रो ठीक रहोस् मति"
यसो भन्दा हिँडे मान्छे डराएका खुसामदी ।
म उठें फूर्तिका साथ, तर थाकें यसो डुली,
अल्प्यो त्यो फूर्तिको आभा वातावरणमा मिली,
जहाँ भास्करका साथ आभाजति समेटियो
छाडेर दुनियाँलाई आ-आफ्नो घर-गाउँमा ।

१०

आयो त्यो साँझको पश्चात् यौटा निर्जन रात त्यो,
थिएन भय बस्तीमा धेरै चोर-चकारको ।
थिए मानछेहरू आज चाँदनीरातका प्रजा
नजाने पनि सर्वोच्च चाँदनीरातको मजा ।
व्यवहारीहरूलाई शान्तिको तिर्सना थियो,
ती दुब्ला मांसपेशीका अवस्था खुकुल्याउँदै
राखेर भोलिको चिन्ता मनका अग्रभागमा
निदाउन यथाशीघ्र थिए छटपटाउँदै ।

११

मुन्टिएर कुनै मान्छे यतै दुन्मुनिँदै हुँदै
साह्रै नै नसुहाएर चाँदनीरातमा हिँड्यो ।
मेरो पार्श्व-जगत् ढाक्तै उसको जीउ हल्लियो,
हुत्तियो मनिरैबाट, अड्डूँ भन्दै थियो, लड्यो ।
थियो अडिग जो मान्छे, उल्ले डगमगाउनु !

अरूदेखि नहोस्, पर्थ्यो आफूदेखि लजाउनु ।
थियो चैतन्यशाली जो, आशलाग्दो युवा नर,
नाचूँ झैं धर्मराएर चाँदनीरातमा लड्यो ।
त्यस राती निदाएँछु म बसेको बस्यै भई,
रातमा जसरी पन्छी निदाउँछ बसी बसी ।

१२

बाटा-छेउ बकैनाको बिरुवा एउटा थियो,
विना साथी-सहाराको एकलो, अदना, लुरे ।
डोरी लाएर हल्लाई निठुरी बदमाशले
मुन्टो भाँचेर छाडेको ज्यादै सातो लिईकन ।
आएछन् मसिना हाँगा काँधबाट दुईतिर,
(नसुकी, नसकी मर्न त्यत्रो अन्यायमा पनि !)
मुना जहाँ पलाएछन् खोज्दै फन् फन् पलाउन,
जीवनानन्दमा मुग्ध भई लहलहाउन ।

१३

पीडाको एउटा द्वीप, यातनाका अवाक् थलो,
त्यसैमा सुखको गाउँ बसाएर, जसोतसो
गृहस्थी गरिएको छ, मान्छेको भित्र-बाहिर
देखिन्छ जसको छाया-प्रतिच्छाया समाजमा ।
सक्नेले गर्छ अन्याय, नसक्ने न्याय खोज्दछ,
धनवान् छान्छ आनन्द, दरिद्री भात रोज्दछ ।
ताडना-कर्मले त्रस्त सानो त्यो वृक्षको शिशु
जन-जीवनकै यौटा हो प्रतीक जिजीविषु ।

१४

नगरी बस्न गाहारो, गरी विफल, आजित,
निराश कहिले मान्छे, निष्काम कहिले भयो ।
साँझसम्म त रोकेथ्यो दुःखको तोड धैर्यले,
डाँको छाडेर रोयो उ रातको एकलासमा ।
रोई पाउन के सक्थ्यो राती, त्यो पनि एक्लै !
आँसु तैपनि मान्छेका आँखामा आउँदै रह्यो ।
किन्तु रात पसे जस्तो लाग्दै गो मनमा पनि,
कराएर उठ्यो मान्छे आत्तिएर निसास्सिँदै:
"हे अन्धकारको राशि ! तँ मेरो मनबाट जा
महामेघ उठे जस्तै छाडी कोही उपत्यका ।"

१५

म आफ्ना क्षुद्रतादेखि जहाँ वागी हुँदै गएँ
"क्षुद्रताहो ! हमेशा म क्षुद्रै रहन सक्तिन ।"
सदा क्षुद्रताहरूद्वारा अपमान हुँदै रह्यो
असमर्थ हुनाले म धान्न आफ्नो उदारता ।
मलाई तर यो बुझ उपलब्ध भयो अब
काम गर्दा विरोधीको उपेक्षा गर्नुपर्दछ ।
पुगेन त्यतिले किन्तु, लाचारीको व्यथा बढ्यो,
मनकै भित्तिमा बज्री हवा उल्लासको लड्यो ।

१६

धमिलो-धमिलो देख्छु: हेर्दाहेर्दै हराउँछ
खरायो स्वर्णको मेरो हरियो फाडमा कहीं ।
दिलमा जड पीडा छ, स्थान पाइरहेछु त्यो
स्मृति-विस्मृतिका बीच सुनसान छ जे-जति ।
देखा परिरहेको छ विनापर्वतको दिशा,
छारो बसिरहेको छ चारैतिर दिगन्तमा ।
हिंड्छु थाहा नपाएर, छहरीमा उभिन्न म
तरु-शाखा फुकेको छ फूलका बोफले जहाँ ।

१७

जे-जे टोलाउँदा देखें, भन्छु, चिन्तक सन्तहो !
धर्म बदला सभाभित्र प्रायश्चित्त भयो भने ।
गुजारा जसको हुन्थ्यो दिव्य सादापनासित,
कहिलेदेखि बिग्रेर सांसारिक भयो यति !
आज धेरै जनाको यो बन्यो बानी-विशेषता
छातीमा क्षोभ, बोलीमा लोलोपोतो र लुब्धता ।
केही मोहहरूलाई माया मार्न सकेविना
असाधारणता धेरै भएको छ हिनामिना ।

१८

को गरोस् ज्योतिको माँग उज्यालामा बसी-बसी,
बढ्ता भइसक्यो होला दुर्नामी अन्धकारको ।
काम जो दिउँसै गर्छौं गर्छौं आफूखुशीसित
र सूर्यतिर फर्कन्छौं उज्यालो चाहियो भनी
मान्छे हच्केन घामैमा, न छामछुम नै भयो,

खायो होला कमै धोखा उसले अन्धकारमा ।
(म अनेक उज्यालामा उभिँदा-उभिँदै सुकें,
खनियो घाम, मेरो त भो छायातक बेपता ।)

१८

डुलें टोलाउँदै सारा सम्झनाको चराचर
र थालें हेर्न सोद्देश्य मान्छेलाई उदास भै ।
थिएन घरमा केही, तर त्यै तिनको घर,
ती गर्थे आश मान्छेको मान्छेबाट हताश भै ।
(जसको चेहरा काहीं देखेथें, को थिइन् तिनी
घरमा साँझको बत्ती रुँदै बाल्ने गरीबनी !)
जहाँ श्रमिक दु:खी होस्, रहोस् साधक निर्धनी,
दरकार थियो यौटा जनमेजयको पनि ।

२०

मान्छेको हाल हेरेर बस्तीबाट हिँडेपछि
'प्रत्यागमन'मा रोए मबाट भगवान् जहाँ ।
त्यहीं छेउ भयो होला पुरस्कार विसर्जित,
देव-मूर्ति जहाँ निस्कोस्, पूजा पाइन्छ अर्पित ।
परित्राणाय साधूनाम् भगवान् आउने भए
मान्छेकै मनको बाटो अवतीर्ण हुनन् कि त !

२१

चाहिएको थियो आज एउटा गतिलो झरी
एकैबाजि भिजोस् सारा संसार जसका मनि ।
एकै महाझरीभित्र रुझोस् मानिस विश्वको
दयामय महाकाश रुँदा धरधरी यहाँ ।
विनामार, विनादर्प, विनानाश भविष्यको
दुनियाँ भाग्यमानी होस्, होओस् संसार निर्भय ।

२२

श्रोता भइरहेको छ जहाँ सज्जनको सभा,
बुझ्न सक्तछ यो मेरो शोकको मर्म-कारण ।
बित्दै गइसके मेरा गुरु मान्छेहरू अब,
जो मेरा लागि कल्पन्थे, अर्ती दिन्थे सगौरव ।
बढाए जसले मेरो जिज्ञासाका लताहरू,
पढाए जसले मेरा अन्तश्चक्षु खुलाउन ।
जो ज्योति:स्वप्नका बीज राख्थे मेरो सिरानमा,
जसबाट सिकें मैले- स्वार्थ उत्तम होइन ।

सुरुमा शारदालाई ढोग्न पुस्तकमा सिकी
अ सिकेको थिएँ यौटा, जो ओङ्कार भयो पछि ।

२३

कुरामा, कर्ममा, मेरा काव्यमा, गीत-पङ्क्तिमा
जहाँ पाइन्छ करुणा, जहाँ सहनशीलता ।
त्यहाँ छ तिनको पुण्य, जो प्रविष्ट रह्यो ममा
ऋचामा ऋषिको सत्य चिरशेष रहेसरि ।
ती चाहन्थे ममा ज्ञान, मबाट सबको भलो,
त्यसै टलपलाएनन् मेरा यी गह आँसुले ।

२४

म चढाउँछु आभार ती अग्रजहरूप्रति,
मेरो रहर देखेर जसको ममता फुक्यो ।
यल्लाई कवि मानेर हुर्काउनुपर्‍यो भनी
सान्त्वनाले सुखी पारे, प्रशंसाले पुरस्कृत ।
देख्न थालें अनायास ज्योति एकेक शब्दमा,
तिनै शब्द कतै चाँदी, कतै पन्ना, कतै मणि ।
मनले सुन्न थालें म शब्दमा गूँज अर्थको,
प्राप्त भो मर्म-वाणीको अर्थ-झङ्कार शब्दमा ।
पाएँ अक्षरमा प्राण, पङ्क्तिमा छन्द-देवता,
एउटै शब्दमा आँसु, वाक्यमा विश्व-वेदना ।

२५

तिनको म छु आभारी, नटुटोस् तिनको कृपा,
पथभ्रष्ट हुँदा जल्ले गरे उत्कृष्ट भर्त्सना ।
म चढाउँछु आभार पुरस्कर्ताहरूप्रति,
पाएँ स्याहार जसका दया-मया-विवेकको

२६

मेरा मान्य मनीषीहो ! म बसूँ फेरि गौणमा,
अब सञ्चित होस् मेरो अव्यक्त जति मौनमा ।
रह्यो अव्यक्त, अज्ञात हुनाले नै यहाँ कति,
श्री महेश्वर सम्झेर गरूँ यो प्रार्थना पनि :
फेरि त्यो अइउण् ऋलृक् गुँजोस् डमरु-नादमा,
जागोस् अव्यक्तको वीज, लेओस् सृजनको जुनी ।

☒ ☒ ☒